# त्रिभुवन विश्वविद्यालय स्वायत्ततासम्बन्धी नियम २०६२ र महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

**सहप्राध्यापक जसबहादुर लुङ्गेली**
**२०६८।१२।०६**

## पृष्ठभूमि

संसारका देशलाई आर्थिक क्रियाकलापका आधारमा गरिएको वर्गीकरणअनुसार नेपाललाई Least Developed Countries को समूहमा राखिएको छ । गरिबी-अविकास- गरिबीको दुश्चक्र तोडेरमात्र यस्ता देशहरूमा विकासलाई तीब्रतर बनाउन सकिन्छ र यस्ता दुश्चक्र तोड्न चानचुने लगानीले सम्भव हुँदैन, ठूलो परिमाणमा लगानी गर्नुसक्नु पर्दछ । Huge Investment का लागि आन्तरिक बचत न्यून भएकाले देशभित्रबाट मात्र सम्भव हुँदैन । बाह्य लगानी आवश्यक पर्दछ । बाह्य स्रोतमध्ये अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट प्राप्त अनुदान हाम्रा लागि उपयुक्त हुन्छ भन्ने मानिएको छ । विश्वशान्ति र भाइचाराका लागि अन्तर्राष्ट्रिय जगत् नेपालजस्तो अति गरिब देशको विकासका लागि जिज्ञासु छन् । त्यसैले विकसित तथा धनी राष्ट्रहरूको बढी योगदान भएको विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, संयुक्त राष्ट्र संघ विकास नियोग, जसमा हाम्रो नेपालको पनि हक हिस्सा छ, हाम्रो विकासका लागि तिनीहरु बढी नै सकारात्मक पनि छन् । यस्ता अन्तर्राष्ट्रिय संस्थाको सहयोगबाट विकास गर्न खोज्नु नितान्त स्वाभाविक र वाञ्छनीय हुने कुरामा दुईमत नहुनु पर्ने हो तर समस्यालाई समष्टिदृष्टि (Macro approch) मा नहेरी केही तथ्यमा अन्देखा गरी वा जिम्मेवारी अरू कसैमाथि अर्थात् मूलतः सरकारमाथि थोपर्ने प्रवृत्ति पनि हामीकहाँ नभएको होइन । त्यसबाट समस्याको समाधान प्राप्त हुन कठिन हुन्छ । जो कोहीले छ्याङ्गै बुझ्नु पर्ने तथ्य के हो भने गरिब देशको सरकार पनि गरिब नै हुन्छ गरिबी-अविकास -गरिबीको दुश्चक्र (Vicious circle of poverty and under development) तोड्न चाहिने जति साधनस्रोतको लगानी गर्न सरकार एक्लैले सक्दैन ।

नेपालको पूर्वाधारलगायतका विकासमा महत्वपूर्ण सहयोग गर्दै आएको विश्व बैंकले हाम्रो उच्चशिक्षामा सुधार गर्नका लागि Second Higher Education Project अन्तर्गत सहयोग गरिरहेको छ । यसअन्तर्गत नेपालका विश्वविद्यालयहरू, सामुदायिक क्याम्पसहरू, त्रि.वि. का क्याम्पसहरूलाई अनुदान सहयोग गरिन्छ । अधिकारसहित स्रोत दिएका खण्डमा क्याम्पसहरू सक्षम हुन सक्छन् भन्ने मान्यताका आधारमा नेपाल सरकार र विश्व बैंकका बीचमा MOU भएको छ जसअन्तर्गत त्रिभुवन विश्वविद्यालयले क्याम्पसहरुलाइ विकेन्द्रीकरण र स्वायत्तताको अधिकार

प्रत्यायोजन गर्ने भन्ने कुरा प्रमुख रूपमा रहेको छ । सोबमोजिम त्रिभुवन विश्वविद्यालयले विकेन्द्रीकरण नियम २०५५ र स्वायत्तता प्राप्त अध्ययन संस्थान वा क्याम्पससम्बन्धी नियम २०६२ कार्यान्वयन गरिरहेको छ । साविकमा क्याम्पसहरूले आन्तरिक स्रोत प्राप्त गर्न सक्ने तर परिचालन गर्न नसक्ने, रूख रोप्न पाउने तर काट्न नपाउने भन्ने जस्तो त्रि.वि. केन्द्रको आदेश पर्खेर बस्नुपर्ने अवस्था थियो । विकेन्द्रीकरण र स्वायत्तताको नियमले यस्तो अवस्था समाप्त पारिदिएको छ धेरै हदसम्म ।

त्रिभुवन विश्वविद्यालयले पूर्णकालीन शिक्षक/कर्मचारीको टाउको गनेर तलबबाहेक अरू शीर्षकमा बजेट क्याम्पसहरूलाई नदिइरहेको अवस्था जान्दा र बुझ्दा उक्त वैधानिक प्रावधानले निकै सरल र सहज बनाएको अर्थमा बुझ्न कठिन नहुनु पर्ने हो तर “बाली ३० पाथी जान्दिन मुरी बाली छोड्दिन” भन्ने हाम्रो मानसिकता भएकाले First Higher Education Project मा प्रवेश गर्न, विकेन्द्रीकृत हुन हामी मानेनौं, त्रि.वि. का अरू धेरै क्याम्पसहरू विकेन्द्रीकृत भए, उनीहरूले प्रोत्साहन अनुदान पाए, पूर्वाधार विकास गरे ।

म जसबहादुर लुङ्गेली २०६५ बैशाख १२ गते क्याम्पस प्रमुख भएपछि, यी सबै परिस्थिति विचार विमर्श गरी २०६५ साल भाद्र ६ गते क्याम्पस प्रमुखको अध्यक्षतामा विभागीय प्रमुखहरूको बैठक आयोजना गरियो । सो बैठकले उपप्रा. गोविन्द निरौला र उपप्रा. दीपेन्द्र दुलालको २ सदस्यीय टोली गठन गरी विकेन्द्रीकृत भएका मेची बहुमुखी क्याम्पस, भद्रपुर, महेन्द्र बहुमुखी क्याम्पस, धरान र महेन्द्र मोरङ क्याम्पस, विराटनगरको अध्ययन भ्रमण गर्न पठाउने निर्णय गऱ्यो । विकेन्द्रीकृत भएपछि ती क्याम्पसहरूले के के पाए र के के गुमाए ? सो प्रतिवेदन बुझाउने भनी सो टोलीलाई TOR तोकिएको थियो, ती क्याम्पसहरूले प्रोत्साहन अनुदानवापत् रू. १ लाख डलर प्रत्येकले पाए, खर्च गर्ने अधिकार पनि पाए, गुमाएनन् केही पनि, भन्ने प्रतिवेदन टोलीले पेश गऱ्यो ।

उक्त प्रतिवेदन प्राप्त भएपछि मिति २०६५ असोज ९ गते क्याम्पस प्रमुखको अध्यक्षतामा बसेको प्राध्यापक संघ, कर्मचारी संघ, स्व.वि.यु. प्रतिनिधि र विभागीय प्रमुखहरूको सयुक्त बैठकले यस क्याम्पसलाई विकेन्द्रीकरण नियम २०५५ बमोजिम विकेन्द्रीकरण गर्न कार्यवाही अघि बढाउने, स्वायत्तता प्राप्त अध्ययन संस्थान वा क्याम्पससम्बन्धी नियम २०६२ अवलम्बन गर्नेबारे सम्भाव्यताको खोजी गर्न In House Consultation सम्बन्धी गोष्ठी गर्ने निणर्य गरेबमोजिम मिति २०६५/८/१६ गतेदेखि २०६५/८/१९ गतेसम्म ४ दिन र २०६५/९/१८ गते १ दिन गोष्ठी सञ्चालन गरियो । प्राध्यापक, कर्मचारी तथा पत्रकारसँग व्यापक छलफल गरी क्याम्पसलाई

विकेन्द्रीकरण नियम २०५५ बमोजिम विकेन्द्रीकरण गर्न माग गर्ने, स्वायत्तताका सम्बन्धमा ५ वर्से Stratagic Plan तयार पारी अघि बढ्ने निर्णय गरियो ।

क्याम्पसको मागबमोजिम त्रि.वि. कार्यकारी परिषद्ले यस क्याम्पसलाई विकेन्द्रीकरण नियम बमोजिम विकेन्द्रीकृत गर्ने निर्णय मिति २०६५/१२/२६ गते गरी क्याम्पस व्यवस्थापन समिति गठन गर्ने निर्णय गर्‍यो ।

क्याम्पसको Strategic Plan Formulation सन्दर्भमा मिति २०६६/३/९ गते नेपाल बार एसोसिएसनको सभाकक्ष रामशाहपथ काठमाडौँमा,काठमाडौमा रहने इलामेलीहरूको भेला गरी राय सङ्कलन गरियो, जसको प्रमुख अतिथि संविधान सभाका सम्माननीय अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ग हुनुहुन्थ्यो भने विषेश अतिथि तत्कालिन उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा हुनुहुन्थ्यो । मिति २०६६/३/२५ गते क्याम्पस व्यवस्थापन समितिले Strategic PlanFormulation गर्न एक कमिटी गठन गरी काम अघि बढायो । मिति २०६६/५/१८ गते यस क्याम्पसमा प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावकको संयुक्त भेलाले क्याम्पसलाई स्वापयत्तता प्राप्त अध्ययन संस्थान वा क्याम्पससम्बन्धी नियम २०६२ बमोजिम सङ्गठित गर्ने, क्याम्पसलाई पाँचौ वर्षमा विश्वविद्यालयतर्फको प्रस्तानबिन्दु बनाउने सुझावसहित Strategic Plan पारित गर्‍यो । मिति २०६६/७/२१ गतेको क्याम्पस व्यवस्थापन समितिको बैठकले त्रि.वि. समक्ष स्वायत्तता माग गर्ने निर्णय गर्‍यो । मिति २०६६/५/२७ गते काठमाडौँको पद्मकन्या क्याम्पसमा इलामेलीहरूको भेलाले क्याम्पसलाई स्वायत्त बनाउँदै विश्वविद्यालयोन्मुख बनाउने विषयमा सुझाव दिएको थियो । यस क्याम्पसको मागबमोजिम त्रि.वि. कार्यकारी परिषद्ले यस क्याम्पसलाई मिति २०६६/१०/१८ गते स्वायत्तता प्रदान गर्ने निर्णय गर्‍यो ।

**अवसर/उपलब्धी**

मिति २०६६ माघ २२ गते स्वायत्तता प्राप्त गरेपछि, सो बमोजिमको अङ्ग बनाउँन अर्थात् सञ्चालक समिति र कार्यसमिति गठन गर्न निकै लामो समय लाग्यो, लामै समय लाग्न स्वभाविक थियो किनकि उक्त नियमले विश्वविद्यालयको प्राज्ञिक मूल्य कायम राख्दै, लोकतान्त्रिक विधि अपनाउनु पर्ने निर्देशन गरेको छ । अतः २५ महिनाको अल्पावधिमा नै यसको उपलब्धीको लेखाजोखा गर्न निकै हतारो हुन जान्छ । यद्यपि A Morning shows the day भने झैं केही भौतिक तथा प्राज्ञिक अवसरहरु प्राप्त भएका छन् र यो क्रम जारी छ । यो प्राप्त अवसरहरुलाई सदुपयोग गर्ने, नयाँ अवसर र सम्भावनाको पहिचान गरी प्राप्त गर्नेतर्फ सरोकारवालाहरुको सदा प्रयत्न हुनुपर्ने देखिन्छ किनकि अवसरहरुको सदुपयोगबाट भौतिक वा अभौतिक वस्तुको हातलागी

वा भोग वा उपभोग अनि त्यसबाट प्राप्त सन्तुष्टि नै उपलब्धी हुनसक्छ । यस कोणबाट हेर्दा, हामीलाई निम्न अवसरहरु प्राप्त हुने/प्राप्त भएका छन्

१. मिति २०६६।१०।२४ गते यस क्याम्पस र UGC Nepal बीचमा MOU भएको छ , सो MOU ले दुबै पक्षको जिम्मेवारी र अधिकारलाई सुनिश्चित गर्दै प्रर्याप्त अवसरहरुको ढोका खोलेको छ , यहाँ स्मरणीय के छ भने Non-autonomus Campus ले भने यस्तो MOU गर्न सक्दैन ।

२. यस क्याम्पसको प्रशासनिक, शैक्षिक, प्राज्ञिक, भौतिक अवस्थामा सुधार ल्याई, पाँचौ वर्षमा विश्वविद्यालय उन्मुख हुने भन्ने Mission, Vision, Goal बोकेको Strategic Plan लाई सो MOU ले स्वीकृति प्रदान गरेको छ, यहाँ स्मरणीय के छ भने UGC Nepal को स्वीकृतिमा मात्र नयाँ विश्वविद्यालय स्थापना गर्न सकिन्छ ।

३. परियोजना अवधिभर सन् २०१४ सम्ममा, Incentive, Performance, र Matching Grants बाट रु. १६ करोड २५ लाख उपलब्ध गराइने कुरा सो MOU मा उल्लेख छ ।

४. हालसम्म क्याम्पसलाई Incentive वापत् रु. १ करोड ३३ लाख ८० हजार Performance वापत रु. ४,१५,९५७९६ र Matching वापत रु.१६,०७,६५०।- प्राप्त भइसकेको छ ।

५. PCL Phase Out वापत् Non autonomus तथा Non-Decentralised आंगिक क्याम्पसहरुले १ पाई पनि पाएनन्, Decentralised Campus हरुले रु. ७८ लाख को दरले पाए भने हाम्रो Autonomus Campus ले रु. ५ करोड ८७ लाख पाउने निर्णय भए मध्ये केही रकम प्राप्त भइसकेको छ, यो दयाले पाएको होइन, उक्त MOU ले हकदावी सृजना गरिदिएकोले पाउने भएको हो ।

६. क्याम्पसको मूल Strategic Plan सन् (२०१०-१४) को पुरकका रुपमा पुरक रणनैतिक योजना सन् (२०१२-१४) SHEP कार्यान्वयन कार्यलय

८ त्रि.वि.बाट स्वीकृत भएको छ जसले रु. ८ करोड १७ लाख ५ हजार खर्च गर्ने योजना राखेको छ ।

७. Matching grants अन्तर्गत रु. ३ लाखको Boundary wall, रु. ३,४३,५८९।- को Retaining wall रु. ३,७३,४३३।- लागत्को सडक निर्माण भइसकेको छ । रु. ५ लाख

लागत्को बैठक कक्ष निर्माण भइसकेको छ । रु. ५०,६००।- लागतको Electrict Water filter जडान गरी स्वच्छ पिउने पानी सर्वसुलभ गराइएको छ ।

८. रु. ७२ लाख लागतको पक्की पुस्तकालय भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने भारतीय दुतावासको सहयोगमा २१ कक्षा कोठाहरु र ६ कोठा शौचालयको प्रबन्ध भएको रु. ३ करोड १६ लाख ६२ हजार ४५० लागतको भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । पर्खाल, भवन, पानी टेंकीलाई चित्रमा हेर्न सकिन्छ ।



**भारतीय दुतावासको सहयोगमा निर्माणाधीन भवन ।**



**निर्माणाधीन पुस्तकालय भवन**



**Boundary Wall**



**Retaining Wall**



**Electric Water Filter**

९. यस क्याम्पसलाई यस क्याम्पसका संस्थापक प्राचार्य श्री खगेन्द्रनाथ शर्माले यस autonomus क्याम्पसको Plan तथा projection लाई सघाउँन इलाम पञ्चकन्या स्थित आइतबारे २ क को ४७ रोपनी ५ आना २ पैसा २ दाम जग्गा दान दिनु भएको छ । सो जग्गासम्म सडक निर्माण गर्न पञ्चकन्या गा.वि.स. ले रु. १ लाख रुपैया बजेट स्वीकृत गरिदिएको छ, सडक निर्माण गर्न उपभोक्ता समिति गठन भई काम प्रारम्भ गरिंदैछ ।

१०. नयाँ नयाँ विषय थप गर्दै जानुपर्ने आवश्यकतालाई ध्यानमा राखी मिति २०६८।३।६ गते मूल्य रु. १२,२५,०००।- मा साँध जोडिएको जग्गा रोपनी ०-८-०-० र मिति २०६८।५।२० गते मूल्य रु. १,४९,४८,९९७।०७ मा जग्गा रोपनी ३-२-०-० र १९ कोठे २ वटा पक्की भवन खरिद गरिएको छ ।

११. Internet सुविधा सहितको १५ थान Computer बाट E-library सञ्चालन गरिएको छ ।

१२. रु. ५७३०४१।४० लागत्को थप २९,८९८ थान पुस्तकहरु खरिद गरिएको छ ।

१३. Projector ७ थान, Printer २ थान, Laptop १ थान Vaccum Cliner १ थान, Mobile set २ थान, घुम्ने कुर्सी ५ थान, Computer कुर्सी १० थान, Computer table ११ थान, कालो गद्दावाल कुर्सी १० थान, डल्फिन कुर्सी ४० थान, ऱ्याक सानो १ थान, पिजनहोल दराज ४ थान, काठको सादा दराज ५ थान, स्टील दराज १ थान, White Board २० थान, टेलिफोनसेट २ थान, टेलिभिजन १ थान, लामो ठूलो टेबल १० थान, Inverter battery ४ थान खरिद गरी सञ्चालन गरिएको छ । साथै पुरुष छात्रबासका सबै कोठाहरुमा प्लाइउड लगाई सिलिङ्ग लगाउँने काम र लेखा काउण्टर कक्षको निर्माण कार्य सम्पन्न भएको छ ।

१४. इच्छुक सबै प्राध्यापक/कर्मचारीहरुलाई Computer को आधारभूत तालिम प्रदान गरिएको छ, Laptop खरिद गर्न सापटी सहयोग जनही रु. ५०,०००।- उपलब्ध गराएको छ, जस अन्तर्गत ७७ जना प्राध्यापक र ३२ जना कर्मचारीले यस्तो सुविधा लिइसक्नु भएको छ । Worldlink को net सुविधा जडान गरिएकाले हाल Laptop हुने सबैले free internet सेवा लिइरहनु भएको छ ।

१५. कालोपाटी र चक डस्टरलाई सेतोपाटी र मार्करले विस्थापित गरिसकिएको छ ।

१६. क्याम्पसले, वार्षिक प्रगति प्रतिवेदन हरेक वर्ष प्रकाशन गर्दै आएको छ, स्वर्ण महोत्सवको अवसरमा स्वर्णस्मारिका प्रकाशित गरेको छ भने Research Journal प्रथम अङ्क प्रकाशित गरेको छ ।

१७. अध्ययनलाई अनुसन्धानसँग एकाकार गराउँदै शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि Research Unit गठन गरिएको छ । यस Unit को सक्रियतामा Research को कार्य सम्पादन गरिंदैछ । इच्छुक सबै प्राध्यापकलाई Mini Research गर्न प्रोत्साहन रकम जनही रु. १५०००।- दिइने प्रावधान क्याम्पसले राखेकोमा १६ जना प्राध्यापकहरुले Mini Research पूरा गरी सक्नु भएको छ । यस्तो कार्यक्रम आगामी दिनमा पनि चालु गरिने छ ।

१८. Mphil तथा Ph.D गर्न प्राध्यापकवर्गलाई प्रोत्साहन गर्ने नीति लिइएको छ ।

१९. Performance grants को २० प्रतिशत रकम विद्यार्थीवर्गलाई छात्रवृत्ति वापत् दिइनका लागि एक कोष खडा गरिएको छ । Educationally disadvantage वर्गका सबै विद्यार्थीलाई शुल्क मिनाहा गर्ने नीति क्याम्पसले लिइएको छ, यस अन्तर्गत हाल सम्म १८ कामी, ६ दमाई, ५ सार्की, ४१ तामाङ्ग, २ थामी, १० सुनुवार गरी जम्मा ८२ जना विद्यार्थीहरु लाभान्वित भएका छन् ।

२०. Autonomy पूर्व T.U. ले पूर्णकालीन कार्यरत शिक्षक कर्मचारीको टाउँको गनेर तलब भत्ता निकासा दिने गरेको थियो, तालिम, गोष्ठी, मसलन्द, पुस्तक, निर्माण केही कुनै शीर्षकमा वजेट दिएको थिएन, यसो गर्दा T.U. ले वार्षिक कूल . १ करोड ५५ लाख मात्र निकासा दिएको थियो, Autonomy को प्रावधानबमोजिम क्याम्पसलाई झण्डै दोब्बर बराबरको Earmark budget प्राप्त हुन थालेको छ ।

२१. Almuni Association कुनै संस्थाको गर्वको विषय हो र यो समृद्धिको द्योतक पनि । यस क्याम्पसको Almuni Association गठन भएको छ । २०६८।११।२९ गते अध्यक्ष श्री नरेन्द्र गुरुङ्ग क्याम्पसमा आउनु भई Association का तर्फबाट मञ्च निर्माण गरिदिने वचन दिनु भएको छ ।

२२. Social Science Baha ले यस क्याम्पसका प्राध्यापकहरुलाई मध्यकालीन तालिम दिने भई MOU भएको छ , जसअन्तर्गत यस क्याम्पसबाट ६ जना प्राध्यापकहरु तालिमरत हुनुहुन्छ स्मरणीय छ Non Autonomus Campus लाई यो अवसर छैन ।

२३. विभिन्न विषयहरुको Refreshment Training तथा Research Orientation Training नियमित रुपमा सञ्चालन गर्न क्याम्पस सक्षम् भएको छ ।

२४. विश्ववजारको प्रतिस्पर्धामा खरो उत्रन सक्ने graduates उत्पन्न गर्न सक्नु पर्ने आवश्यकता आइपरेको सन्दर्भमा शैक्षिक संस्थाहरुले आफूलाई Quality Assurance and Accreditation (QAA) को प्रक्रियामा समावेश गर्न थालेका छन् । सर्वप्रथम बालकुमारी कलेजले र हालै दमक क्याम्पसले QAA को प्रमाणपत्र प्राप्त गरी सकेका छन् । यस क्याम्पसले पनि QAA प्रक्रियामा समावेश हुने अनुमति UGC बाट प्राप्त गरेको छ । यसका लागि क्याम्पसले QAA उपसमिति गठन गरी Self Study Report (SSR) तयार गर्दैछ, २६ वटा सेलहरु निर्माण गरी कार्य अगाडि बढाइरहेको छ ।

२५. इलामलाई प्राविधिक विषयको ज्ञानथलो बनाउँने यहाँका अभिभावक, सरोकारवाला सबैको चाहना बमोजिम Horticulture, Floriculture विषयको अध्ययन गराउने लक्ष्य Strategic Plan मा पारित भएको तथ्य स्मरण गर्दै, क्याम्पसले अनुभव सङ्ग्रहका लागि प्राध्यापकहरुको एक टोली भारत भ्रमणमा गतसाल पठाएको थियो, सो टोलीले North Bengal, Sikkim, Guwahati विश्वविद्यालयहरुको अध्ययन अवलोकन गरी प्रतिवेदन पेश गरेको थियो । सो प्रतिवेदन समेतको आधारमा नेपालका प्राज्ञ विद्वान्हरुसँग अन्तरक्रिया परामर्श र सहयोग लिई तयार गरेको ४ वर्से Horticulture and Floriculture Management को पाठ्यक्रम त्रि.वि. प्राज्ञिक परिषद्बाट हालैमात्र स्वीकृत भएको छ , र विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट, अध्ययन गर्न गराउँन स्वीकृति समेत प्राप्त भएको छ । यो नितान्त आवश्यक तथा मौलिक पाठ्यक्रम भएकाले, यसको पठनपाठन के कसरी गर्ने-गराउने, लागत पक्ष समेतको विश्लेषण गरी प्रतिवेदन पेश गर्न क्याम्पसले एक रायसुझाव दिन एक कार्यदल गठन गरेको छ । साथै क्याम्पसको नाममा भएको गोदक वार्ड नं. ३ को जग्गामा यसको प्रयोगात्मक कक्षा सञ्चालन गर्नु पर्ने आवश्यकतालाई मनन गरी सडक र कुलोको निर्माण गर्नका लागि प्राविधिकद्वारा लागत इस्टिमेट गरी सहयोगका लागि जि.वि.स. इलाम र गोदक गा.वि.स. समक्ष अनुरोध गरिएकोमा उहाँहरुबाट सहयोग दिने निर्णय भएको छ ।

२६. स्वायत्तताको नियमले क्याम्पसलाई पाठ्यक्रम निर्माण गर्ने सम्बन्धमा त्रि.वि. केन्द्रको विषय समितिलाई भए सरहको अधिकार दिएको हुँदा यस क्याम्पसले एक प्राज्ञिक समिति गठन

गरेको छ, जसमा डिन कार्यालयहरुको प्रतिनिधिहरु समेत सदस्य छन् । उक्त बुँदा नं. २५ मा उल्लेखित पाठ्यक्रम प्राज्ञिक समितिले पारित गरि स्वीकृतिका लागि अगाडि बढाएको हो ।

२७. New window program अन्तर्गत रु १ करोड ५ लाखको Incentive को Bsc in Horticulture and Floriculture management को नया¤ पाठ्यक्.म पठन पाठन गर्नका लागि दोस्रो उच्च शिक्षा परियोजना कार्यान्वयन कार्यालय त्रि. वि. कीर्तिपुर र यस क्याम्पसको वीचमा M O U भएको छ।

२८ यस वर्षका लागि लागत रु.१ करोड ५२ लाख २५ हजार ६ सयको विविध कार्यक्रम सहितको Procurement Plan स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ ।

उल्लिखित तथ्यगत उपलब्धिहरू क्याम्पस स्वायत्तताको अधिकारले सम्भव भएको हो भन्ने कुरो त्रि.वि. अन्तर्गत पहाडका आङ्गिक क्याम्पसहरूको अवस्था हेर्दा प्रस्ट हुनेछ । उक्त उपलब्धिहरू प्राप्त हुन सक्ने उपलब्धिहरूको सानो अंशमात्र हो । यहाँ अझ गर्न सकिने र गर्नै पर्ने थुप्रै कार्यहरू छन् । दलित, जनजाति, महिला छात्रहरूको सहभागिता वृद्धि गरी Pass rate बढाउन सक्दा, per year graduate Number बढाउन सक्दा, Tracer study सम्पन्न गर्न सक्दा र Quality Assurance and accreditation तर्फ उन्मुख भई accrediated graduate उत्पन्न गर्न सक्दा यस क्याम्पसको साख विश्वस्तरमा फैलिएर जानेछ ।

आज विद्यार्थीले नतिजा पर्खन १० महिनासम्म लागिरहेको छ । क्याम्पसले नै परीक्षा जिम्मा लिई सञ्चालन गरी उक्त पर्खाइको अवधि कम गर्न सक्छ, यसो भएमा अन्य क्षेत्रका विद्यार्थीहरूको ध्यान छोटो समयमा नतिजा प्रकाशन गर्न सक्ने यस क्याम्पसतर्फ आकृष्ट हुनेछ ।

WTO मा प्रवेश गरिसकेको हाम्रो श्रम शक्तिले विश्वश्रमबजारमा हिजोभन्दा आज र आज भन्दा भोलि अरू बढी प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । श्रमबजारमा खपत् हुने दक्ष जनशक्ति उत्पादन गर्नका लागि नयाँनयाँ प्राविधिक विषयहरू पहिचान गरी आजैबाट पठनपाठन गर्न गराउन सक्ने हो भने र accrediated graduate उत्पादन गर्ने हो भने विश्वश्रम बजारमा हाम्रो पहुँच पुग्नेछ ।

उक्त प्रस्तावलाई कार्यान्वयन गर्न लरतरो प्रयासले हुँदैन र अब यस्तो हिम्मत गर्नै पर्ने पनि भएको छ । यसका लागि सबैमा फराकिलो छाती र सहयोगी मानसिकता हुनुपर्ने हुन्छ । अभिभावक अर्थात् राजनैतिक व्यक्तिहरूले यस्ता संस्थाहरूलाई हस्तक्षेप होइन कि सहयोग गर्ने, विद्यार्थी वर्गले वर्गीय हितबाहेक अन्य मिसन नबोक्ने, प्राध्यापक वर्गले नामबमोजिम प्राज्ञिक महत्त्वको अध्ययन अनुसन्धानमा आफूलाई बढी केन्द्रित गर्ने तथा कर्मचारी वर्गले पेसागत दक्षता प्राप्तिमा आफूलाई

केन्द्रित गर्ने हो भने मात्र पनि वातावरण प्रगतिउन्मुख भई उल्लिखित प्रस्ताव कार्यान्वयन तर्फ भइजाने छ ।

## चुनौती

नयाँ पोशाक लगाउँदा क्षणिक असहज भए जस्तै, स्वायत्ततातर्फको गमनले असहजता उत्पन्न हुन सक्छ तर त्यो क्षणिक हुन्छ, हामी विधि विधानमा विश्वास गर्ने Rule of law का हिमायतीहरु, आत्तिनु पर्ने कारण केही छैन र हाम्रो जागिरको सेवा शर्तलाई यसले केही विगार गर्न नसक्ने तथ्य स्वायत्तता सम्बन्धी नियम २०६२ को नियम २२ नियम ६० ले अझ बढी प्रष्ट पारेकै छ । त्रि.वि.केन्द्रीय कार्यालयमा केन्द्रीकृत गरिएका केही महत्वपूर्ण अधिकारहरु, यस नियमले क्याम्पससम्म ल्याई दिएको छ । जोखिम वा चुनौति यी अधिकारहरुको प्रयोग गराइमा छ । आवश्यकता बाहेक अन्य प्रभावमा परी कार्यक्रम थप गरिन्छ वा दरवन्दी सृजना गर्दै शिक्षक कर्मचारी नियुक्ति गरिन्छ भने, लेखा प्रणालीको स्थापित विधि बाहेक जथाभावी खर्च गरिन्छ वा अपारदर्शी वा भ्रष्टचारजन्य कार्य गरिन्छ भने निश्चय पनि चुनौतीका पहाड खडा हुनेछ । यसकारण यो डबल धारवाला ब्लेड नै हो, चल्न चलाउँन नजाने आफैलाई चोट पार्छ । तर Rule of law बमोजिम चल्ने हो भने यसले अधिकार दिन्छ अवसर दिन्छ । अधिकार अवसरको सही सदुपयोग गर्न सकिन्छ भने प्रगति उन्नति, उपलब्धी जरुर सम्भव छ ।

### सन्दर्भ सामाग्री


१ विकेन्द्रीकरण नियम, २०५५, त्रिभुवन विश्वविद्यालय

२ स्वायत्ततासम्बन्धी नियम, २०६२, त्रिभुवन विश्वविद्यालय

३. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५०, त्रिभुवन विश्वविद्यालय

४. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम, २०५०, त्रिभुवन विश्वविद्यालय

५. स्वर्णस्मारिका, २०६७, महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम ।

६. Research Journal 2011, Mahendra Ratna Multiple Campus, Ilam

७. वार्षिक प्रगतिप्रतिवेदन, २०६८, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

८. World Development Report, 2010, 2011,


धन्यवाद